# REGIONAL NEWS UNIT

# ALL INDIA RADIO GANGTOK

# NEPALI NEWS BULLETINS

**BROADCAST 18.40HRS** **DATE:27.03.2024**

---

## Political activities in Sikkim

सिक्किमका बत्तीसवटा विधानसभा अनि एकमात्र लोकसभा सीटका निम्ति आगामी उन्नाइस अप्रेलको दिन हुने चुनाउलाई लिएर नामाङ्कन दर्ता गर्ने अन्तिम दिन आज राज्यमा राजनीतिक गतिविधि तेज देखियो।

SKM, SDF, नवगठित सिटिजन एक्सन पार्टी (CAP), BJP, कंग्रेस अनि निर्दलीय उम्मेदवारहरू राज्यको एकमात्र लोकसभा सीटका निम्ति चुनावी मैदानमा उत्रीएका छन्। उम्मेदवारीको जाँच प्रक्रिया भोली सम्पन्न भएपछि यसै महिनाको तीस तारिक उम्मेदवारी फिर्ता लिने अन्तिम दिन रहेको छ।

आम चुनाउ 2024-लाई मध्यनजर गर्दै सत्तारूड़ SKM र राज्यको प्रमुख विपक्षी पार्टी SDF अनि CAP-ले बत्तीसवटै समष्टिमा आफ्ना उम्मेदवार खड़ा गरेको छ भने BJP-ले एकतीस अनि कंग्रेस पार्टीले अठारवटा सीटमा आफ्ना उम्मेदवार मैदानमा उतारेको छ। यस चुनाउमा सत्तारूड़ SKM, विपक्षी SDF, BJP, CAP र कंग्रेस जस्ता मुख्य राजनीतिक पार्टीहरू चुनावी मैदानमा उत्रिएका छन्। हालमा राज्य विधानसभामा SKM-का उन्नाइस, BJP-का बाह्र र एसडीएफका एकजना विधायक रहेका छन्।

--------------------------------------X--------------------------------------

## Nomination of Candidates

आम चुनाउ 2024-का लागि नामाङकन पत्र बुझाउने अन्तिम दिन आज पाकिम जिल्लाबाट सत्तारूड़ एसकेएम-सहित तीनवटा पार्टीका मुख्यमन्त्री पदका उम्मेदवारहरूले जिल्ला प्रशासनिक केन्द्र, पाकिममा जिल्लाधीश एवं जिल्ला निर्वाचन अधिकारीको कार्यालयमा नामाङकन दर्ता गरे। यसमा मुख्यमन्त्री एवं एसकेएम पार्टीका अध्यक्ष श्री प्रेमसिंह तामाङ, पूर्व मुख्यमन्त्री एवं प्रमुख विपक्षी एसडीएफ पार्टी अध्यक्ष श्री पवन चामलिङ र सिटिजन एक्सन पार्टीका श्री गणेश राई रहेका छन्। यीमध्ये श्री तामाङ रिनाकबाट, श्री चामलिङ नामचेबुङ अनि श्री राई छुजाचेन समष्टिबाट चुनावी मैदानमा उत्रीएका छन्।

यसैक्रममा आज नामाङ्कन बुझाउनेहरूमा यस जिल्लाका पाँचवटा समष्टि क्रमैले नामचेबुङ, छुजाचेन, नाथाङ-माछोङ, पश्चिम पाण्डाम र रिनाकबाट कुल एक्काइसजना उम्मेदवारहरूले नामाङ्कन बुझाए।

यसरी नै मंगन जिल्लाका तीनवटा समष्टि लाचेन-मंगन, जङ्गु र काबी-लुङ्चोकका निम्ति चारजना विभिन्न पार्टीका उम्मेदवारहरूले पेन्टोकको जिल्ला प्रशासनिक केन्द्रस्थित जिल्लाधीश एवं जिल्ला निर्वाचन अधिकारीको कार्यालयमा नामाङ्कन बुझाए।

सम्पूर्ण नामाङ्कनको जाँच भोली अर्थात 28 तारिक हुनेछ भने नामाङ्कन फिर्ता लिने मिति 30 मार्च रहेको छ। विधानसभा समष्टिको मतगणना दुई जूनामा हुनेछ भने लोकसभा सीटका निम्ति चार जूनमा मतगणना हुनेछ।

--------------------------------------X--------------------------------------

## General Observer

आगामी चुनाउलाई लिएर सोरेङ जिल्लाका निम्ति आम पर्यवेक्षक श्रीमती निना शर्मा र पुलिस पर्यवेक्षक सुश्री भाग्यश्री नवटके हिजो सोरेङ आइपुग्नुभयो। हिजो विहान जिल्ला मुख्यालय आइपुगेका दुवै पर्यवेक्षकलाई सोरेङकी जिल्लाधीश एवं जिल्ला निर्वाचन अधिकारी सुश्री

येस्सी D योङदा, पुलिस अधिक्षक श्री नकुल प्रधान, उप-निर्वाचन अधिकारी एवं अतिरिक्त जिल्लाधीश श्री धिरज सुवेदी र मुख्यालयका महकुमा अधिकारी श्री DR विष्टले स्वागत जनाउनुभयो।

अन्तरक्रियाको क्रममा सुश्री योङदाले पर्यवेक्षकसमक्ष जिल्ला चुवाउ प्रबन्धन योजनाबारे बताउँदै जिल्लाको विस्तृत वितरण प्रस्तुत गर्नुभयो। उहाँले जिल्लामा चुनाउको तयारीलाई लिएर पनि जानकारी गराउनुभयो।

यसैक्रममा, गान्तोक जिल्लाका आम पर्यवेक्षक श्री जितेन्द्र कुमार पनि हिजो राजधानी आइपुगनुभएको छ। यहाँ आइपुग्नासाथै जिल्ला प्रशासनिक केन्द्र पुग्नुभएका उहाँले आठवटा समष्टि अनि एउटा संसदीय निर्वाचन क्षेत्रका निम्ति रहेको निर्वाचन अधिकृतको कार्यालयको भ्रमण गर्नुभयो। यस अवधि उहाँले नामाङ्कन प्रक्रियाको अवलोकन पनि गर्नुभयो।

नाम्ची जिल्लाका आम पर्यवेक्षक श्री अमर नाथ उपाध्याय हिजो जिल्ला मुख्यालय आइपुग्नुभयो।

यसरी नै श्री प्रदिप कुमार पाकिम जिल्लाबाट आगामी चुनाउका निम्ति  आम पर्यवेक्षक रहनुभएको छ। उहाँ आज जिल्ला मुख्यालय आइपुग्नुभएको हो।

पर्यवेक्षकहरूलाई आम मानिसले चुनाउ प्रक्रियासित सम्बन्धित गुनासो बुझाउन सक्नेछन्।

--------------------------------------X--------------------------------------

**EC C-VIGIL**

चुनाउ आयोगले सी-भिजिल एपको माध्यमद्वारा चुनाउ प्रक्रियामाथि ध्यान केन्द्रित गरिरहेछ। यो एप आदर्श आचार संहिता उल्लंघनको रेकर्डिङ, रिपोर्टिङ र समाधानका लागि हो। यस एपको माध्यमले आदर्श आचार संहिताको अल्लंघनको फोटो र भिडियो लिएर अनलाइन शिकायत गर्न सकिन्छ।

चुनाउ आयोगले चुनाउअवधि सत्ताइसवटा IT ऐपका साथ प्रौद्योगिकीको लाभ उठाइरहेछ। ऐप र पोर्टलको माध्यमद्वारा प्रौद्योगिकीको उपयोगले उम्मेदवारहरू र मानिसहरूसहित ती अधिकारीहरूका लागि पनि प्रणालीलाई सहज बनाएको छ, जसले चुनावी प्रक्रियामाथि नजिकबाट नजर लगाइरहेछन्।

--------------------------------------X--------------------------------------